स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



फिल्म 'सतीदेवी'को गीत 'माया बसेको रैछ'बोलको सार्वजनिक भएको छ । गीतमा लक्ष्मण सुवेदीको लेखन, दीपक शर्माको संगीत, प्रताप दास र दीपा लामाको स्वर छ । गीतमा अभिनेत्री मलिका महत र अभिनेता सन्दिपबाबु लोहनीको रोमान्टिक अवतार हेर्न सकिन्छ। हर्षिका वली भोलाराज सापकोटा, श्रृजना अधिकारी, सुजिता सिवाकोटी, सन्देश लिम्बु, मनीषा सापकोटाको अभिनय पनि फिल्ममा छ ।

**आजको विचार...**



हसिनाले...

*(दुई पेजमा)*

सोमबहादुर थापा



आगामी असोज २४ गते अर्थात् दशैंको फूलपातीबाट प्रदर्शनमा आउन लागेको फिल्म '१२ गाउँ'को एक्सन प्रधान टिजर सार्वजनिक गारिएको छ । शुक्रबार सार्वजनिक १ मिनेट २१ सेकेण्ड लम्बाईको टिजरमा अभिनेता विराज भ र उनका छोरा समीर भ एक्सन अवतारमा प्रस्तुत भएका छन् । विराजको 'भ्वाइस ओभर'बाट सुरु भएको टिजरमा समीरलाई योद्धाको रुपमा चित्रित गारिएको छ । टिजर हेर्दा फिल्मले बदलाको कथा उठाएको बुझ्न सकिन्छ । गाउँको पृष्ठभूमिमा कथा भनिएको छ ।

❒ वर्ष ३० ❒ अंक ३३ ❒ २०८१ भदौ १ गते शनिबार 17 August 2024, Saturday ❒ पृष्ठ संख्या ४ मूल्य रु ५/-

# घाँसे मैदानमा परिणत 'वीरेन्द्र फुलबारी'

## संरक्षणमा स्थानीय सरकारको बेवास्ता

**भरत शर्मा**

**पाल्पा,** साउन ३२/जिल्लाको तानसेनस्थित टुँडिखेल पुग्ने जो कोही नजिकै रहेको ऐतिहासिक 'वीरेन्द्र फुलबारी' पुगेर क्यामरामा फोटो कैद नगरी फर्कने सायद कमै होलान । त्यहाँ रहेको सानो पानीको पोखरी, त्यहीमाथि दौरा, सुरुवाल, कालो कोट, शिरमा पाल्पाली ढाका टोपीले सजिएका तत्कालीन राजा वीरेन्द्रको पूर्णकदको शालिक, पानीको वरीपरी सदावहार सुगन्ध छर्ने गुलाफका फुललाई साक्षी राखेर त्यहाँ पुग्नेहरु तस्वीर खिचाउँदै रमाउने गर्दछन् ।पार्क भित्र प्रवेश गरेपछि त्यहाँको शान्त वातावरण र फूलहरुको वास्ना र दृश्यहरुले साच्चिकै जो कोहीको मन लोभ्याउने गर्दछ । तानसेन आउने आन्तरिक तथा बाह्य पर्यटकहरुको रोजाई बन्न सफल भएको 'वीरेन्द्र फुलबारी' यति बेला भने घाँसे मैदानमा परिणत भएको छ । पञ्चायतकालमा तत्कालिन राजा वीरेन्द्रको नामबाट बनाइएको फूलबारी संरक्षणको अभावमा घाँसे मैदानमा परिणत हुन पुगेको हो ।



त्यहाँ भित्र जान सक्ने अवस्था छैन् । केही वर्ष अघिसम्म चारैतिर रंगीविरगी गुलावको फुल फुलेका हुन्थे । त्यहाँ पुग्ने जो कोही भित्र पसेर रमाउने गर्थे । तर फुलबारी अहिले घाँसेमैदान जस्तो बनेको छ । पाल्पा उद्योग वाणिज्य संघले त्यहाँ केही वर्ष अघि पार्क सरसफाई र रगं रोगन गरेको थियो तर तानसेन नगरपालिकाले त्यसलाई निरन्तर नदिदाँ अहिले नाम मात्रको फुलबारी बनेको स्थानीयको आरोप छ । २०३७ सालमा तत्कालीन नगर पञ्चायतका प्रधानपञ्च विन्दु प्रसाद नेपालीले राजा वीरेन्द्रको ३६ औं जन्मोत्सवको अवसरमा पूर्णकदको शालिक निर्माण गराउन लगाएका थिए । यति बेला उक्त फूलबारीमा ५२ प्रजातीका गुलाफका फुलहरु समेत लगाइएको थियो । तत्कालीन समयमा फूलबारी प्रमुख आकर्षणको केन्द्रबिन्दु नै बनेको थियो । फूलबारीको २०३७ सालमा तत्कालीन प्रधानमन्त्री सूर्यबहादु थापाले उद्घाटन गरेका थिए । द्वन्दका समयमा समेत वीरेन्द्रको शालिक सुरक्षित नै रहेको थियो । यहाँ पानीका फोहरा र गुलावका फूलसहित आकर्षक फूलवारी निर्माण गरिएको थियो । केही वर्षसम्म यसको संरक्षण समेत हुँदै आएको थियो तर अहिले संरक्षणमा सम्बन्धित निकायले ध्यान नदिदा फुलबारीको निशाना नै हराएको छ । स्थानीय संस्कृति, सम्पदाको संरक्षण गर्ने दायित्व स्थानीय सरकारको भए पनि त्यसतर्फ तानसेन नगरपालिकाले ध्यान नदिएको स्थानीय केशवराज नेपालले बताए । ऐतिहासिक फुलबारीको संरक्षणमा नगर सरकार जिम्मेवार हुनुपर्ने उनको भनाई छ । पर्यटकीयस्थलको संरक्षण हुन नसक्दा तानसेनको पर्यटन क्षेत्रको विकासमा समेत ठूलो क्षति हुन पुगेको नेपाल एसोसिएशन अफ टुर एण्ड ट्राभल्स एजेन्ट्स (नाट्टा) पाल्पाका अध्यक्ष राजीव शाहाले बताए । उनले पर्यटकीय क्षेत्र तथा ऐतिहासिक धरोहरले स्थानीयहरुको आयआर्जनमा समेत टेवा पुग्ने भएकाले त्यसको संरक्षणमा स्थानीय सरकारले ध्यान दिनुपर्नेमा जोड दिए ।

तानसेन आफैमा पर्यटकीय शहर भए पनि यहाँका पर्यटकीयस्थलहरुको सरंक्षण हुन सकेको छैन् । केही वर्ष अघि पाल्पा उद्योग वाणिज्य संघले वीरेन्द्र फुलबारी संरक्षणमा अग्रसरता देखाए थियो । नगरपालिकासँग संरक्षणका लागि सम्झौता गरेर संघले १ वर्ष सरसफाई र रंग रोगन गरे पनि त्यसले निरन्तरता पाउन सकेको छैन् । बजेट अभावका कारण उचित संरक्षण गर्न नसकिएको संघका अध्यक्ष शैलेन्द्र भट्टराईले बताए । उनले स्थानीय सरकारले निजी क्षेत्रसँग समन्वय नगर्दा तानसेनका पर्यटन क्षेत्रहरु ओझेलामा पर्दै गएको बताए । नगर भित्र रहेको फूलबारीको संरक्षण गर्न स्थानीय सरकारलाई भनिए पनि त्यसको वेवास्ता गरेको स्थानीयको आरोप छ । तानसेन नगरपालिकाका सूचना अधिकारी भरत प्रसाद आचार्यले भने फुलबारीको संरक्षण गरी आकर्षण पर्यटकीय स्थलको रुपमा विकास गर्ने गरी नगरपालिका लागेको बताए । उनले नगर भित्र रहेका सम्पदाहरुको संरक्षण गर्ने जिम्मा स्थानीय सरकारको भएकाले नगरपालिका त्यस विषयमा गम्भीर रहेको प्रतिक्रिया दिए ।

### संक्षिप्त समाचार

### चिकित्सकहरू हड्तालमा

(रासस/एएफपी)

**नयाँदिल्ली,** ३२ साउन/सहकर्मीको बलात्कार र हत्यापछि भारतीय चिकित्सकहरूले शुक्रबार देशव्यापी विरोध प्रदर्शन र हडताल बढाउने बताएका छन् । उक्त क्रुर हत्याले महिलाविरुद्ध हिंसाको पुरानो मुद्दामा आक्रोशलाई केन्द्रीत गरेको छ । पूर्वी सहर कोलकाताको एक सरकारी अस्पतालमा अगस्ट ९ मा ३१ वर्षीया व्यक्तिको रगतले लतपतिएको र क्रुर शव प्राप्त भएपछि देशव्यापी विरोध प्रदर्शन सुरु भएको हो । नयाँदिल्लीमा सरकारद्वारा सञ्चालित अखिल भारतीय आयुर्विज्ञान संस्थान (एम्स) अस्पतालबाट शुभ्राङ्कर दत्ताले शुक्रबार भने, 'हामीले हाम्रा सहकर्मीलाई न्यायको माग गर्न विरोध प्रदर्शनलाई तीव्रता दिइरहेका छौं ।' धेरै राज्यका सरकारी अस्पतालहरूमा उनीहरूले विरोध स्वरूप सोमबार वैकल्पिक सेवाहरू 'अनिश्चित कालका लागि' बन्द गरेका छन् । सरकारी तथा निजी दुवै प्रणालीमा धेरै चिकित्सा सङ्गठनहरूले हडतालको समर्थन गरेका छन् । हत्याको निन्दा गर्नका लागि हजारौँले बुधबार रातभर कोलकाताको सडकहरूमा जुलुस निकाले र मध्यरातमा भारतको स्वतन्त्रता दिवसको सुरुआतका साथ मैनबत्तीको उज्यालोमा जुलुस निकाले । इन्डियन मेडिकल एसोसिएसनले निजी अस्पतालहरूमा सबै अनावश्यक र चिकित्सा प्रक्रियाहरू निलम्बन गर्दै शनिबार २४ घन्टाका लागि 'देशव्यापी सेवाहरू बन्द गर्न' आह्वान गरेको छ ।

## डेंगीका लक्षणहरु

- उच्च ज्वरो आउनु,
- जोर्नी र मांशपेशीहरूमा असह्य पीडा हुनु,
- आँखाको गेडी दुख्नु,
- अत्याधिक टाउको दुख्नु,
- शरीरमा राता बिमिराहरू आउनु,
- वाकवाकी लाग्नु वा वान्ता हुनु ।

यस्ता लक्षणहरु देखापरेमा डेंगी हुन सक्छ। तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं ।

नेपाल सरकार

**विज्ञापन बोर्ड**

# तानसेनका उपभोक्तालाई विद्युत महसुलमा छुट

**पाल्पा,** साउन ३२/ जिल्लाको तानसेन नगरपालिका भित्रका विपन्न उपभोक्ताहरुले न्युनतम विद्युत् महशुलमा छुट पाउने भएका छन् । ५ एम्पियर स्वीकृत क्षमता भएका र २० युनिटसम्म विद्युत खपत गर्ने/गराउने २ हजार २ सय २६ विपन्न उपभोक्ताको विद्युत् महसुल नगरपालिकाले तिर्ने भएको हो ।



महसुल छुटका लागि तानसेन नगर कार्यपालिकाको कार्यालय र नेपाल विद्युत प्राधिकरण, पाल्पा वितरण केन्द्रबिच सम्झौता भएको छ । नगर भित्रका नगरवासीले खपत गर्ने न्युनतम् विद्युत महशुल छुट सम्बन्धी कार्यविधि, २०७९ को आधारमा नगरपालिकाबाट दिइने न्यूनतम विद्युत महसुलमा छुटको लागि प्राविधिक व्यवस्थापन गर्नेगरी सम्झौता भएको नगरपालिकाका सूचना अधिकारी भरत प्रसाद आचार्यले बताए । नगरपालिकाले आर्थिक वर्ष २०७९/०८० देखि नै नियमित खपत गर्ने न्यूनतम् विद्युतमा छुट दिदै आएको छ । यस आर्थिकमा वर्षमा पनि १४ वटा वडावाट सिफारिस भई आएका जसले ५ एम्पियर स्वीकृत क्षमता भएका र २० युनिटसम्म विद्युत खपत गराउन्छन् ति उपभोक्ताहरुको ८ लाख १ हजार ३ सय ६० बराबर नगरपालिकाले भुक्तानी गर्ने सम्झौता भएको छ । सम्झौता पत्रमा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत हरिराम नागिला र वितरण केन्द्रका प्रमुख दिलिप मरासिनीले हस्ताक्षर गरेका छन् । केन्द्रका प्रमुख मरासिनिले तानसेन नगरपालिकाले जनहितको लागि गरेको निर्णय महत्वपूर्ण रहेकाले सम्झौता बमोजिम काम गर्ने प्रतिवद्धता व्यक्त गरे । तानसेन नगरपालिकाकी कार्यवाहक नगरप्रमुख प्रतिक्षा गाहा सिंजालीले सम्झौताले स्थानीय नगरवासीलाई केही राहत महशुस हुने विश्वास व्यक्त गरिन् । विगतका वर्षमा जस्तै यस वर्ष पनि उपभोक्तालाई सहुलियत दिइएको नगरपालिकाका योजना अधिकृत दुर्गा बहादुर थापाले बताए ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना

# सम्पादकीय

## बढ्दो बेरोजगारीको चिन्ता

मुलुकमा बेरोजगारीको अवस्था बढ्दो छ । धेरै युवा शक्ति बेरोजगार भएर बस्नु परेको अवस्था छ । बेरोजगारी समस्या हाम्रो मुलुकका लागि एउटा चुनौतीपूर्ण समस्याका रुपमा रहेको छ । आर्थिक दृष्टिले बेरोजगारी भन्नु काम गर्ने इच्छा र योग्यता भएर पनि कुनै पनि काम नभएर त्यसै बस्नु हो ।

विश्वभरि नै सबै मुलुकले रोजगारी सिर्जनालाई सरकारको मुख्य चुनौती र उपलब्धि मान्ने गरेको सन्दर्भमा नेपालमा भने यो सरकारको प्राथमिकतामा व्यवहारतः कहिल्यै परेन भन्दा हुन्छ । रोजगारी सिर्जना गर्ने कुरा सरकारको कार्यक्रम र बजेटमा उल्लेख हुने गरे पनि रोजगारी सिर्जना हुने खालको ठोस कार्यक्रम भने केही पनि आएको छैन । त्यसैले अहिले युवाहरू रोजगारीका लागि विदेश जाने क्रम निकै बढेको छ । स्वदेशमै पर्याप्त रोजगारीका अवसर सिर्जना हुनसकेका छैनन् । कुनै बैंक, वित्तीय संस्था, सरकारी संस्थान तथा निजामती सेवाको सीमित सिटका लागि गरिएको विज्ञापनमा धेरै गुणा बढी संख्यामा आवेदन पर्ने गरेका छन् । माथिल्लो स्तरको शैक्षिक योग्यता भएका व्यक्तिले तल्लो तहको पदमा जागिरका लागि आवेदन दिनु पनि सामान्य नै भएको छ ।

रोजगारीका लागि ठूलो पदमा आसीन पदाधिकारी, नातेदार, सभासद र मन्त्रीकहाँ भनसुन गर्न जानेको लाइन पनि लामै छ । विदेश जान भाषा परीक्षा दिनेको संख्या, एयरपोर्टमा वैदेशीक रोजगारीका लागि विदेश जानेको लाइन, पासपोर्ट बनाउन घाममा लाइन लाग्नेको संख्याबाट पनि मुलुकको बेरोजगारी समस्या सहजै अनुमान लगाउन सकिन्छ । यो चिन्ताको विषय हो । यसले सरकारले रोजगारी सिर्जना गर्ने खालको कार्यक्रम ल्याउन नसकेको र युवालाई विदेश जान प्रेरित गरेको देखाउँछ । नेपालमा प्रतिवर्ष ५ लाखभन्दा बढी श्रमशक्ति रोजगार बजारमा प्रवेश गर्ने अनुमान छ । तिनका लागि एउटा अवसर सरकारी क्षेत्र हो । तर, त्यसले एक चौथाइलाई पनि रोजगारी दिन सक्दैन । खासमा सरकारले भन्दा निजीक्षेत्रले कयौं गुणा बढी रोजगारी दिन्छ । कलकारखाना, उद्योगव्यवसाय, सेवा क्षेत्रमार्फत निजीक्षेत्रले रोजगार सिर्जना गर्छ । सरकारको काम निजीक्षेत्रलाई प्रोत्साहित गर्ने हो । व्यवसायमैत्री वातावरण सिर्जना गर्ने हो । निजीक्षेत्रको मनोबल बढाएर लगानी गर्न प्रोत्साहन दिने हो । तर, सरकार यी काममा चुकेको छ । देशमा उद्योगधन्दाको विकास नगर्ने हो भने वैदेशिक रोजगारीबाट मात्र बेरोजगारीको समस्या हल गर्न सकिँदैन । यसर्थ आफ्नै देशभित्र उद्योग धन्दा स्थापना गरेर काम गर्ने वातावरण सिर्जना गर्नतिर सरकारले ध्यान दिनुपर्छ ।

## Opinion @ Social Network

निकै अप्ठ्यारो पाठ सिकायो जिन्दगीले पनि एकातिर भन्छ प्रतिक्षाको फल मिठो हुन्छ, अर्कोतिर भन्छ समयले पर्खदैन ।

*(सोनी थापाकोफेसबुक स्टाटसबाट https://www.facebook.com/Soni.Thapa )*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# हसिनाले देश छाड्नुपर्ने परिस्थितिबाट चेत्ने कि नचेत्ने ?



**सोमबहादुर थापा**

*लोकतान्त्रिक शासन व्यवस्थामा वाक स्वतन्त्रता, मानव अधिकार, भेला वा सम्मेलन गर्ने स्वतन्त्रता, शान्तिपूर्णरूपमा आफ्ना माग राख्ने हक र स्वतन्त्रता हुन्छ । प्रेस स्वतन्त्रता, कानुनी राज्यजस्ता मौलिक हक र अधिकार कुण्ठित गरेकै कारण उनको आलोचना र विरोध बढ्दै गएको थियो । उनको पछिल्लो कार्यकालमा लोकतान्त्रिक विचार र दर्शनभन्दा पनि अलोकतान्त्रिक र अधिनायकवादी चरित्रले प्रधानता पाएको थियो । पछिल्लो समयमा उनमा सत्ता मोह र उन्माद ज्यादै बढ्दै गएको देखिएको थियो । सरकारी जागिरमा आरक्षण र कोटा प्रणालीले छपन्न प्रतिशतलाई फाइदा दिने व्यवस्थाका कारण समाजमा योग्य र सक्षम विद्यार्थीहरूले सरकारी जागिरमा प्रवेश गर्ने अवसरबाट बञ्चित हुनुपरेको अवस्था थियो । यस प्रणालीबाट सबैभन्दा बढी फाइदा वाजेदको आवामी लिग पार्टी समर्थकलाई हुने थियो । यसको विरोध हुन थालेपछि पनि वाजेद सच्याउन भइनन् । including लोकतान्त्रिक नेताबाट अलोकतान्त्रिक र अधिनायकवादी नेतामा रूपान्तरित भएकै कारण देशै छाडी भाग्नुपरेको हो । वाजेदले राजनीतिक स्थिरताको नाममा विपक्षी दलका नेताहरूलाई अनेक मुद्दा लगाउँदै जेलमा कोचिन् । सवैधानिक निकायहरू पनि उनकै योजना सहयोग गर्ने अस्त्र बने ।*

बंगलादेशमा विगत दुई महिनायता आरक्षण र कोटा प्रणालीविरुद्धमा विद्यार्थीहरूको विरोध आन्दोलनले शक्तिशाली प्रधानमन्त्रीको परिचय बनाएकी शेख हसिना वाजेदले सत्ता त गुमाइन् नै अन्ततः मुलुकबाटै भाग्न बाध्य भइन् । अगस्ट ५, २०२४ का दिन प्रधानमन्त्रीबाट राजनीनामा दिएर हेलिकोप्टरबाट बाजेद सपरिवार भारततिर लागिन् । बंगलादेशमा सबैभन्दा बढी समय प्रधानमन्त्री बन्ने अवसर पाएकी वाजेदले अधिनायकवादी रूप धारण गरेकी थिइन् । आन्दोलनकारी विद्यार्थीमाथि दमनको अस्त्र चलाएर देखाएको क्रूर तानाशाही शासकको व्यवहारले उनलाई भाग्न बाध्य बनाएको हो । लोकतान्त्रिक शासन व्यवस्थामा वाक स्वतन्त्रता, मानव अधिकार, भेला वा सम्मेलन गर्ने स्वतन्त्रता, शान्तिपूर्णरूपमा आफ्ना माग राख्ने हक र स्वतन्त्रता हुन्छ । प्रेस स्वतन्त्रता, कानुनी राज्यजस्ता मौलिक हक र अधिकार कुण्ठित गरेकै कारण उनको आलोचना र विरोध बढ्दै गएको थियो । उनको पछिल्लो कार्यकालमा लोकतान्त्रिक विचार र दर्शनभन्दा पनि अलोकतान्त्रिक र अधिनायकवादी चरित्रले प्रधानता पाएको थियो । पछिल्लो समयमा उनमा सत्ता मोह र उन्माद ज्यादै बढ्दै गएको देखिएको थियो । सरकारी जागिरमा आरक्षण र कोटा प्रणालीले छपन्न प्रतिशतलाई फाइदा दिने व्यवस्थाका कारण समाजमा योग्य र सक्षम विद्यार्थीहरूले सरकारी जागिरमा प्रवेश गर्ने अवसरबाट बञ्चित हुनुपरेको अवस्था थियो । यस प्रणालीबाट सबैभन्दा बढी फाइदा वाजेदको आवामी लिग पार्टी समर्थकलाई हुने थियो । यसको विरोध हुन थालेपछि पनि वाजेद सच्याउन भइनन् । यसले समाजमा असन्तुष्टि ल्याएको थियो । निरंकुश शासकले झैँ उनले देश र जनताको स्वार्थभन्दा पार्टी स्वार्थ 'माथि' राखेर हिँड्दा देशै छाडी भाग्नुपर्ने स्थिति आयो । सत्तामा आउने या जाने नियमित प्रक्रिया हो । लोकतन्त्रवादी कुनै नेता सत्ता आउनु र जानुलाई पनि स्वाभाविक हो । यो लोकतन्त्रको सौन्दर्य पनि हो । तर, अधिनायकवादी र निरंकुश शासकहरूले सत्ता आउनु र जानुलाई स्वाभाविक रूपमा लिँदैनन् । सत्ता गुमेपछि सबै गुमेको उनीहरू ठान्छन् । अधिनायकवादीको विशेषता र चरित्र नै यही हो । वाजेद लोकतान्त्रिक नेताबाट अलोकतान्त्रिक र अधिनायकवादी नेतामा रूपान्तरित भएकै कारण देशै छाडी भाग्नुपरेको हो । वाजेदले राजनीतिक स्थिरताको नाममा विपक्षी दलका नेताहरूलाई अनेक मुद्दा लगाउँदै जेलमा कोचिन् । संवैधानिक निकायहरू पनि उनकै योजना सहयोग गर्ने अस्त्र बने । तर, आज उनी एक्लै देश छाड्नेमा परेकी छिन् । विद्यार्थी आन्दोलनका क्रममा लगभग तीन सय जनाले मृत्युवरण गर्नुपरेको छ । मृतकक आफन्त र घाइते विद्याथीहरूसँग भेट्न पनि उनले चाहिनन् । उनी विद्यार्थीहरूलाई उल्टो आतंककारीको बिल्ला भिराउन पुगिन् । उनका अभिव्यक्तिले विद्यार्थी आन्दोलनलाई थप हिसांत्मक र सशक्त बनायो । त्यतिमात्रै नभएर आन्दोलनमा जनताको समर्थन र सहभागिता पनि बढ्न थाल्यो । अन्ततः उनको सरकारी निवासमा आन्दोलनकारीहरू छिरेर आफनो विजयोत्सव मनाउन थाले । विपक्षी र विरोधीहरूलाई अनेक मुद्दा लगाएर फसाउने उनको राजनीतिक रणनीतिको सिकार आज उनी आफैँ बनेकी छिन् । विपक्षीविनाको लोकतन्त्रलाई यथार्थमा लोकतन्त्र मानिदैन । तर, उनी बङ्गलादेशमा विपक्षीविनाको लोकतन्त्रको यात्रामा लागिन् । राजनीतिक स्थिरता र विकासका नारा दिँदै उनले प्रमुख प्रतिपक्षी पार्टीलाई चुनावमा बहिष्कार गर्न बाध्य पारेकी थिइन् । तर आफ्ना समर्थकहरूलाई अनियमितता र भ्रष्टाचारमा संलग्न गराउन पुगिन् । यो उनको अर्को ठूलो गल्ती थियो । अनियमितता र भ्रष्टाचारमा मौलाएको सत्ता-राजनीतिको अल्पायुकै हुन्छ भन्ने उदाहरण बङ्गलादेशबाट पनि सिक्न सकिन्छ । यही २०२४ को जनवरीमा भएको संसदीय चुनावमा तीन सय सिटको संसद्मा उनको पार्टीले दुई सय पचपन्न सिट हासिल गरेको थियो । वास्तवमा भन्ने हो भने यो नाममात्रैको चुनाव थियो । वाजेदले देशै छाड्नु परेपछि उनको दुईतिहाइ बहुमतको संसद्को कुनै अर्थ र महत्त्व रहेन । अब त, राष्ट्रपतिद्वारा संसद् विघटनसमेत भइसकेको छ । धाँधली गरी गरिएको चुनावको लोकतन्मा कुनै अर्थ हुँदैन भन्ने उदाहरण बंगलादेशले स्पष्ट पारेको छ । बंगलादेशमा अहिले निर्वाचित सरकार छैन । सरकारमा नागरिक अनुहार देखिए पनि सम्भवतः व्यवहारमा सेना नै सत्ताको हर्ताकर्ता बन्नेछ । यो लोकतन्त्रको सुदृढीकरणका लागि राम्रो संकेत होइन । दक्षिण एसियाली मुलुकहरूका लागि यो गम्भीर चिन्ताको विषय बन्न गएको छ । राष्ट्रपतिले जेलमा रहेकी विपक्षी दलकी नेतृ खालिदा जियालाई र विद्यार्थी नेताहरूलाई थुनाबाट मुक्त गर्ने आदेश दिएका छन् । बंगलादेशको सैन्य नेतृत्वले पनि यस आन्दोलनबाट केही पाठ सिकेको हुनुपर्छ । आन्तरिम सरकारको नेतृत्व नोबेल शान्ति पुरस्कार विजेता मुहम्मद युनुसले गरेका छन् । लोकतन्त्र पुनःस्थापना, संसद्को निर्वाचन र शान्ति बहाली छिट्टै हुन पनि सक्छ । बंगलादेश प्रकरणले लोकतान्त्रिक नेताहरूलाई पक्कै पनि केही सन्देश दिएको हुनुपर्छ । नागरिक कुनै पनि बेला भड्किन सक्छन् । नेपालको संघीय संसद्मा बंगलादेश घटनाबारे बहस र छलफल हुनपर्ने देखिन्छ । नेपालमा पनि राजनीतिक स्थिरता छैन भने नयाँ संविधानको समावेशी व्यवस्थाको स्वार्थपरक अभ्यासमा कारण नेपालमा भविष्यमा पनि राजनीतिक स्थिरता आउने देखिँदैन । अर्को कुरा, निरंकुश शैलीको र अधिनायकवादी चरित्र बोकेको राजनीतिक सोच र विचारले देशमा शान्ति, सुव्यवस्था र विकास गर्न सक्दैन भन्ने बंगलादेशको घटनाले पनि सिकाएको छ । बङ्गलादेशको घटनाबाट नेपालले पनि पाठ सिक्नुपर्ने देखिन्छ । पहिलो त, विपक्षीविनाको लोकतन्त्र वास्तविक लोकतन्त्र होइन रहेछ भन्ने हामीले बुझ्नुपर्ने भएको छ । अर्को कुरा, संविधान र कानुनमा योग्य, दक्ष र सक्षमलाई जागिर वा पढाइमा अवसर नदिएर आरक्षण र कोटाका आधारमा अवसर दिनु असन्तोष र विरोधको बिउ रोप्नु हो भन्ने बुझ्नु पर्नेछ । यहीकारणले नेपालको प्रशासन र शिक्षा क्षेत्रको गुणस्तर बिग्रन गएको छ । दुई किसिमको निर्वाचन प्रणालीले नेपालको राजनीतिको गुणस्तर खस्कन गएको छ । संघ र प्रदेश दुवैतिर समानुपातिक प्रणाली खारेज गर्नुपर्ने देखिन्छ । कार्यकर्तालाई जागिर दिने नाममा जनताले तिरेको करको दुरूपयोग गर्न पनि मिल्दैन । अर्को कुरा संसदीय शासन व्यवस्था भनेकै प्रतिस्पर्धात्मक शासन प्रणाली हो । योग्य, सक्षम र दक्षले चुनाव जित्छ र आफनो कार्यक्रम लिएर जनतामा जान्छ । समानुपातिक पद्धतिबाट आएका सदस्यहरूको न योग्यताको जाँच हुन्छ, न क्षमताको परीक्षण हुन्छ । व्यक्ति र पार्टीको स्वार्थका लागि राज्यका साधन र स्रातको दुरुपयोग गर्नु हुँदोरहेनछ भन्ने उदाहरण पनि यस घटनाबाट सिक्नुपर्ने भएको छ । नेपालमा व्यक्ति र पार्टीको स्वार्थमा संवैधानिक अंग, साधन स्रोत दुरूपयोग गर्ने प्रवृत्ति बडेर गएको छ । यस मामिलामा सबै नेताको विचार र व्यवहार समान देखिन्छ । शेख हसिना वाजेद देश र सत्ता छाड्नुको अर्को कारण अनियमितता र भ्रष्टाचार पनि हो । अनियमितता र भ्रष्टाचारले अन्ततः आफैँलाई खान्छ भन्ने उदाहरण पनि बङ्गलादेशको घटनाले सिकाएको छ । नेपालमा एकातिर अनियमिता र भ्रष्टाचार बढ्दो छ भने अर्कोतिर महँगी, बेरोजगारी र ढिलासुस्ती बढेर गएको छ । सरकारको सेवा प्रवाह चुस्त दुरुस्त छैन भने गुणस्तर पनि राम्रो छैन । नेपालको आर्थिक अवस्था अत्यन्त कमजोर छ । आर्थिक अवस्था कमजोर भएकै कारणले र सरकारमा बस्नेहरूमा देश बनाउने सोच र प्रतिबद्धता नहुँदा राष्ट्रिय गौरव र राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनाहरू समयमै पूरा हुनसकेको देखिँदैन । तैपनि सरकार भने आर्थिक अनुशासन र मितव्ययिताको बाटोमा छैन । राष्ट्रपति, प्रधानमन्त्रीलगायत सार्वजनिक पदाधिकारीहरू जनताले उठाएका माग र सवालको समयमै चित्तबुझ्दो जवाफ दिन सकेन भने उसले ठूलो संकटको सामना गर्नुपर्ने हुन्छ भन्ने उदाहरण वाजेदको अहंकारी व्यवहारबाट बुझ्न सकिन्छ । यहाँ यी त केही सांकेतिकरूपमा उठाइएकामात्र हुन्, यस्ता सवालहरू अनगिन्ती छन् । तिनलाई समाधान गर्नेमा नेताहरूको ध्यान जाओस् ।

*-बाह्रखरी डटकम*

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ९९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : कुनै कुराले मनमा शान्ति छाउला । आर्थिक लाभ पनि रहला । | **तुला** : मनमा उत्साहका छाउनेछ । साझेदारी काममा विशेष लाभ मिल्नेछ । |
| **बृष** : परिवारले पूर्ण समर्थन प्रदान गर्नेछन्। घरमा अतिथिको आगमन हुनेछ । | **बृश्चिक** :शरीरमा स्फूर्तिको कमी हुनेछ। कार्य सम्पादनमा समस्या आउला । |
| **मिथुन** : नयाँ कामको योजना बन्नेछ । काम गर्ने जोशजाँगर र उमङ्ग बढ्नेछ। | **धनु** : नयाँ ज्ञान सिक्ने मौका मिल्नेछ, तर स्वास्थ्य प्रति सचेत हुनुपर्छ । |
| **कर्कट** : आर्थिक संकटले गर्दा मनमा अशान्ति र छटपटी व्याप्त हुनेछ । | **मकर** : धन आर्जनका स्रोतहरू बढ्नेछ। आफ्नो क्षेत्रमा प्रभुत्व जमाउन सकिनेछ । |
| **सिंह** : आँटेको र ताकेको कार्य पुरा होला। प्रेममा पनि सफलता मिल्नेछ । | **कुम्भ** : नयाँ कार्यको योजना बन्नेछ । नजिकको व्यक्तिबाट काम सफल हुनेछ । |
| **कन्या** : राजनैतिक कार्यमा सफलता मिल्ला । कीर्तिमानी काम गर्ने समय छ। | **मिन** : स्वादिष्ट भोजन पाइनेछ, तर स्वास्थ्य प्रति खर्च बढ्न सक्छ । |

# साहित्य दर्पण

सामाजिक कथा — चन्द्रमणि पौडेल

## शहर



जीवनका प्रत्येक क्षणहरुसँग मैले तिमीलाई संघर्ष गर भनेकै हुँ । मैले व्यतीत गर्ने समय सीमा र तिमीले पाएको अवसरलाई एउटै पाटोबाट नहेर्दा तिमी र ममा फरक देख्नु कुनै अनौठो विषय लागेको थिएन मलाई । मैले मन पराएर व्यतीत गरेका अवसरहरुले तिमीलाई पनि कुनै क्षणले पछ्याएका थिए होलान । फरक, तिमीले चिन्न सकेनौ, मैले चिने । ममा आत्मस्वाभिमानले जरा गाडेको छ तर तिमीले स्वाभिमान हराए झैं खोजिरहेछौ । बस् तिमी र ममा यही फरक छ । म आफूलाई अपूर्ण ठान्छु तर तिमी आफूलाई पूर्ण ठान्छौ । लामो समयको अन्तराल पछि शहरको कोलाहलमा तिमी रमायौ, म विरक्तिएँ । महल, गाडी र महल छेउ थुप्रिएको फोहोर अनि गाडीले फ्याँकेको कार्बनडाईअक्साईडले म निस्सासिएँ, तर तिमी रमायौ, फरक यही थियो । जीवन सधैं हतारमा ब्यथित गर्नुपर्छ भन्ने सिद्धान्तमा म अतालिन्थें, रन्थनिन्थें र त्यसै त्यसै रिगंटा लागेर आउँथ्या, सास फेर्न पनि माक्स लगाएर आफ्नो अनुहार लुकाउँथे म । शहरमा न मलाई उसले चिन्थ्यो न म नै उसलाई चिन्थें । शहरको धुवाँ र दुर्गन्धबाट बँच्न माक्स लगाउँदा मलाई आफैबाट अपरिचित भएको महसुस हुन्थ्यो । म शहरको रौनकतामा धुवाँ र धुलोसँग संघर्ष गर्दै बाँचेको अनुभूत गर्थे तर तिमी शहरको धुवा धुलोलाई सम्भ्रान्तको उपमा दिन्थ्यौ । गाउँबाट हजारौ सपना बोकेर आएका निर्दोष मनहरू रुवाएर तिमी सम्भ्रान्त बन्न उद्वत बनिरहेछौ । विदेश पठाएर मनभरि सपना सजाएका आत्महरुलाई धेरै चोटि रुवाएका छौ तिमीले । अनि तिम्रो फुर्तिदेखि के म दंग हुला त १ अनि तिम्रो आलिसान महल, कार्बन डाईअक्साईड फ्याक्ने तिम्रो फोर्ड गाडी देखि मनैबाट बोमिट गर्न मन लाग्छ । हो सम्भ्रान्तको नाममा शहरमा पलाएको तिम्रो रहर तिमीसितै राख । गाउँमा तिम्रो बा, आमातिर्खा लागेको बेलामा एक ग्लास पानी खान नपाएर तिमीलाई सम्झर रोएको मलाई अहिले झैं लाग्छ । लामो समयको भेटघाट पछि रोशनलाई भेट्दा काठमाण्डौंको कोलाहलमा सबथोक मनभरि पलाएर आयो । चिल्लो गाडी अनि अघिल्तिर बसेर गाडी हाकिरहेको रोशन हिजो जे थियो आज त्यो रहेनछ र रहेन पनि । गाउँमा छँदा दिल फुकाएर बोलिरहने रोशन आज दिल खुम्चाएर शब्दमा कञ्ज्युस्याई गर्दै अड्कलेर बोले झैं लाग्छ । मलाई उकुस मुकुस लागेर आयो । काठमाडौंमा पनि निकै गर्मी चढेछ ।... मैले बोल्ने बहाना गरे । उसले गाडीको एसी अन गर्यो । शरीर, मन सबै चिसो भएर आयो । गाउँमा उसको वा, आमालाई सम्झें अनि हिजोको रोशनलाई सम्झें ...! गाडी एउटा आलीसान महलको अगाडि गएर रोकियो । म गाडीवाट झरें...। तेस्रो तलामा उसँगै खुडकिला पार गरेर थकित हुँदैं पुगें । वरिपरि नियालें...अति सानदार इँटाका पर्खालहरु, कोठाको सजावट अनि कोठामा झुन्डाएका तस्बिरहरु...। म छक्क परें...त्यो रोशन ... यो रोशन । हिजोको रोशन आजको रोशन ... ! उफ कति फरक ...! कति शानदार...! 'सब्जी ल्याइसिएन ?' सायद भाउजू हुनुपर्छ । ... ऊ बोलेन । 'म सक्दिन है ...१ गएर ल्याइसियो'। - फेरि असमर्थता । 'त्यही तलबाट ल्याउँन ।' -रोशनको समाधान युक्त शब्दहरू । 'आज म केहीगर्न सक्दिन'। -फेरी असमर्थता । ...चुप लागन...। ऊ मेरो सानोको मिल्ने साथी ...राजेश । केही वेरको मौनता पछि ऊ वोल्छ । नमस्ते - म औपचारिकता पुरा गर्छु । नमस्ते फर्काएर केही नबोली भाउजू नजीकैको मेचमा बस्नुहुन्छ । कपडा फेरेर रोशन मलाई कोठामा बस्न भन्दै तल झर्छ । म कोठाको प्रत्येक भित्ताहरुलाई नियाल्छु । भित्तामा झुन्डाइएका तस्बिरहरू एक पछि अर्को गर्दै चियाउँछु । सम्झन्छु जीवन फेरिन जति सहज छ मन फेरिन त्यति सहज नहुनु पर्ने हो, तर ठिक उल्टो...। आफूले आफैसँग प्रतिप्रश्न गर्छु । नजिकै दराजमा राखेका वाइनका बोतलहरू हेर्छु । बोटलभित्र रहेर नशाहरू मात्नु पर्ने हो तर गिलासमा झरेका थोपाहरुले घाँटी रसाए पछि मात्र मात बनेर मान्छेहरू मातेको क्षणले मनलाई प्रतिविम्भित गरिरहन्छ झैं लाग्छ । उफ ... ! आज धेरै थाकियो ...। कतार जान किन यति धेरै पैसा लिएको भनेर एउटा पत्रकारले दिक्क बनायो । बल्ल बल्ल बुझो लगाएँ । रोशनले बाक्लो सोफामा बस्दै भन्यो । 'आजबाहिर खान जाउन !' 'यही बनाउँन, साथीलाई कहाँ बाहिर लाने !' हातमा बाँधेको घडी हेरें, आठ बजिसकेछ । बाबुलाई भोक लाग्यो होला । बाबाको नजिक आएर बाबु उभियो । घरका कोठाभरि सन्नाटन छाएको छ । कुनै सुरसार छैन । रोशनसँगै दुवैजना अर्को कोठामा गए । बाबुपनि पछि पछि लागेर उतै गयो । म कोठामा एक्लै बसिरहें । बिना उदेश्यको प्रतिक्षा पट्यार लाग्दो हुँदोरहेछ । नजिकै टि टेबलमाथि राखेको पत्रिका तानें । अविरल वर्षा, तराई डुवान, पहाडमा बाढी पहिरो ! एउटै घरका सबैजना पहिरोमा परी मृत्यू ... आदि आदि समाचारले मन अमिलो भै रह्‌यो । लामो समयको प्रतिक्षा पछि रोशन म नजिक आयो । 'अब खाना खाउँ है ।' - रोशनको आग्रह म प्रति थियो । मलाई पनि आज निकै भोक लागेको थियो । चुपचाप म रोशनको पछि पछि लागें । 'मैले पकाएको खाना भाउजूको पस्काई !' -हाँस्दै रोशन बोल्यो । 'खाना पकाउन पनि आउँछ तलाई ' 'परेपछि आउँनु पर्यो नि !' -रोशन बोल्छ'। गाउँमा तँ केही गर्न नजान्ने, शहरमा त सब गर्ने भइछस । गाउँले भाउजू पनि शहरिया भएपछि म पनि ...। भाउजूतिर हेर्दै अपूर्ण शब्द बोल्छ । म सम्झन्छु, शहरको पुरा पुर प्रयोग गरेको छ रोशनले । लवाई, खुवाई, बोलाई, हिडाई सबै सबै शहरिया छ । गाउँमा ब्यस्त हुने जीवनशैली शहरमा एक गाँस खाना पकाउन पनि हान थाप...अनि लिंग, वर्गीय, समानता, मानव अधिकार सबै सबै केवल शहरतिर मात्र भए झैं लाग्यो । सबै थोक फुसर्दले नै फुराउँदो रहेछ ।

खाना खाएर म गेष्ट रुमतिर लागें । रोशनको पहिले र अहिलेको जीवन शैली मनभरि आइरह्‌यो आमा बाउको लाहाडे एक्लो छोरो ... केही काम नगर्ने ...। एक्लो सहारा ...आज शहरिया भएको छ । दिनभरि काम गरेर पनि बेलुकी श्रीमतीलाई खुशी पार्न खाना पकाउँछ...। सोच्छु यो शहरले सम्भ्रान्तको नाममा सबै सिकाउँदो रहेछ शायद...। मनभरि काठमाण्डौंको धुलो, धुवासँगै निस्सासिएर कुन बेला निदाँएछु पत्तै पाइनछु । हिजो आज जब शहर सम्झन्छु मन अमिलो भएर आउँछ । रोशन, भाउज्यू, सानो नानी, खाना अनि धुलो धुवाँ सबै सबै मनभरि आइरहयो । वोलेरोले काभ्रे भञ्ज्याङका हरिया वोटहरू छिचोल्दै घुम्ती मोडहरुका खाल्डा खुल्टी पार गर्दै पूर्वतिर हुईकिदै शहर छोडदै जादा मन प्रफुल्ल भएर आयो ।

*-मझेरी डटकम*

> **जीवन सधैं हतारमा ब्यथित गर्नुपर्छ भन्ने सिद्धान्तमा म अतालिन्थें, रन्थनिन्थें र त्यसै त्यसै रिगंटा लागेर आउँथ्या, सास फेर्न पनि माक्स लगाएर आफ्नो अनुहार लुकाउँथे म । शहरमा न मलाई उसले चिन्थ्यो न म नै उसलाई चिन्थें । शहरको धुवाँ र दुर्गन्धबाट बँच्न माक्स लगाउँदा मलाई आफैबाट अपरिचित भएको महसुस हुन्थ्यो । म शहरको रौनकतामा धुवाँ र धुलोसँग संघर्ष गर्दैं बाँचेको अनुभूत गर्थे तर तिमी शहरको धुवा धुलोलाई सम्भ्रान्तको उपमा दिन्थ्यौं ।**

निबन्ध — श्री ओम श्रेष्ठ रोदन

## नदेखिने भोलि

भोलि औंशीको पहाडजस्तै हो, भए पनि नदेखिने । भोलि नबग्ने खोलाको पानीजस्तै हो नबहकिने । भोलिलाई नदेख्ने भएकै कारण मानिसहरू लड्छन् र उठ्न सिक्छन् । गल्ती गर्छन् र सच्याउन सिक्छन् । भोलि कसैले देख्न सक्दैन । भोलिजस्तो अँध्यारो आजसम्म अरु केही बन्नसकेको छैन । अनिश्चित हुन्छ भोलि सधैं । हिजोको धर्मले र आजको विज्ञानले पनि भोलिलाई भोलिकै रूपमा छोडिदिएको छ । कसैको वश चल्दैन भोलिसँग । भोलिलाई आज बनाउनसकेको भए जीवन सजिलो बन्थ्यो होला कि झन् जटिल ? उत्तर नदिने हिसाबको सूत्रजस्तो हो यो प्रश्न । भोलि नदेखिंदा त मान्छेहरू महाभोलिसम्मका लागि शक्ति, सम्पतिको सन्चय गर्छन् भने साँच्चिकै भोलि देखिन थाल्ने हो भने मानिसका दु:ख कति बढ्लान् ? सुख भनेको आजै हो र दु:ख भनेको भोलि नै हो । भोलिका लागि सुखको सपना देखेर आज बिगार्नेहरू नै हुन बिग्रिरहेका । त्यसै पनि मानिसहरू चुक घोप्टाएजस्तो अँध्यारोका लागि औंसीको रातलाई उदाहरण बनाउने गर्छन् र भोलिलाई बिर्सन्छन् । तर भोलिजस्तो देख्न नसकिने अन्धकार र अन्धो अरु केही हुँदैन । हिजो र आजलाई जोड, घटाउ र गुणा गरेर भोलिलाई अनुमान गर्नेहरू ज्योतिषी कहलाइन्छन्-भविष्यवेत्ता । परम्परागत विश्वास मात्र हो हाम्रो । भोलि चिन्ने, देख्ने मान्छे मान्छेकै कोटिमा पर्दैनन् भन्ने मत राख्छु म त । मान्छेको मात्र के कुरा दैवले पनि हार स्वीकारेको छ यो विषयमा । भनिएकै छ - स्त्रीया चरित्र पुरुषष्य भाग्यम् दैवोनजानाति कुतो मनुष्य । लोग्नेमान्छेको भाग्य र महिलाको चरित्र जान्दिन भन्छ दैव स्वयम् । अलिकति यथार्थ, अलिकति वर्तमानमा आँखा बन्द नगर्ने हो भने स्वत: सिद्ध हुन्छ भोलि कसैको बुता नचल्ने विषय हो भन्ने । अन्यथा संसारमा कुन त्यस्ता मान्छे होलान् जसले फल दिँदैन भन्ने जानेर पनि बृक्षरोपण गर्ने गर्छन् ? यो सृष्टि र समाज भोलिको मीठो आशामा आफूलाई र आ-आफ्नालाई खियाइरहेका छन् ।

ज्ञान भएकै कुरा हो, वैज्ञानिकहरू भोलिको प्राप्तिका लागि वर्षौंवर्षसम्म अनुसन्धानरत हुन्छन् । मानिसहरू आ-आफ्ना लक्ष्य प्राप्तार्थ रात दिन खुसी छोपेर मेसिन बनिरहेका छन् । बाबुआमाहरू सन्ततिको फक्रेको मुहार हेर्नका लागि आफ्नै लिलाम गरिरहेका छन् । सुकेर सिङ्का बनिरहँदा पनि अरुकासामु मुस्काइरहनुपर्ने वाध्यता बनेको छ वर्तमान । यी कुखुरी काँ मात्र हुन् उदाहरणका । यदि भोलि देखिने भए, असफल हुने थाहा भए वा मृत्युको पूर्वज्ञान हुने भए वैज्ञानिकहरूले किमार्थ अनुसन्धान गर्ने थिएनन् । छोराछोरीको नाममा दिनरात खिएर लाग्ने बाबुआमाहरू मरिहत्ते गर्ने थिएनन् । सायद यिनै कारणहरू भोलिलाई अन्धकारभित्र थुनेर सबैलाई आशावादी तुल्याउन दैवले पनि हार स्वीकारेका हुन् कि ? त्यसैले भनिन्छ, परहित कार्य गर्दा र सिक्ने काम गर्दा असफल भइन्छ वा मरिन्छ भनेर कहिले नसम्झनु र परपीडामा लाग्दा वा निस्कृय हुँदा एक दिन मर्नुपर्छ, त्यो क्षण जहिले पनि हुनसक्छ भनेर सम्झिनु । मान्छे भएर जन्मुको अर्थ मृत्युसाथ रहनु हो अर्थात् जन्म र मृत्यु एकाकार हुन्छन् । तसर्थ जन्मले मानिस भइसकेपछि अरुलाई दिएको कहिले नसम्झनु र लिएको कहिले नबिर्सनु भन्ने पनि हाम्रो आदर्श पनि र संस्कृति पनि हो । तर अहिले समयले आदर्शलाई प्रदर्शनात्मक र संस्कृतिलाई विकृति बनाउने होडको रूपमा नै अगाडि बढ्दै गएको छ । छातीमा हात राखेर एकक्षण विचारेर हेरौं त । तपाईं भने पनि हामी भने पनि एउटै ड्याङका त हौं नि । हामीजस्ता मान्छे भएर जन्मेर मान्छे नै भएर मर्ने मान्छेका के कुरा गर्नु ? युधिष्ठिरले नाङ्गिने थाहा पाएका भए किन पासा थाप्थे होला र द्रोपदीलाई । नाक काटिने जानेका भए शुपर्नखाले किन हत्ते हाल्थिन लक्ष्मणसँग । हार्ने युद्ध कसैले लड्दै लड्ने थिएनन् । प्रतियोगिता हुने नै थिएनन् । दुर्घटना हुने थिएन । रोगी हुनुपर्ने नै थिएन । बेइमानी र धोका हुने थिएन । यद्धपि क्षमा चाहन्छु म । महामानव गौतम बुद्धले बुद्धत्व नै प्राप्त गर्नु थियो भने किन विवाह बन्धनमा परे वा पर्न स्वीकारे ? किन यशोधरालाई गर्भिणी बनाए । आफ्नो जन्मदाता र थलो त्यागेर सर्वस्व स्वीकार्न आएकी विचरीलाई किन पतिपीडा दिइयो ? बैंसमा मच्चिंदै गरेकी श्रीमती र दूधेबालकलाई त्यागनु भनेको भोलि नदेखेर नै हो । भोलिको अन्धकार जुनजस्तै उज्यालिने भए कसैले पनि स्वपीडा र परपीडा दिनपर्ने थिएन, यो विषय नै यस्तै छ । मान्छे, महामान्छे र दैवको समेत केही नलाग्ने । शताब्दी अगाडिका बासी कुरा हुन यी । वर्तमानमा त झन् कोटिकोटि उदाहरण छन् । टेलिभिजनमा देखिएका, अखबारमा छापिएका सबै हेर्न र पढ्न सम्भव हुँदैनन् । घर र परिवारको मायालाई तिलान्जली दिएर जान्थे । मान्यता नै बनिसकेको थियो त्यतिबेला । दूरदृष्टिको हिसाबले उचित नै भए पनि मनलाई अलिकति गुणन गर्ने हो भने ठीक नै भन्न पनि सकिंदैन । प्राणरहित र प्राणसहितका सम्पूर्ण पृथ्वीसमेत भोलिको उज्यालो आशाको खोजीमा घुमिरहेको छ भने पूर्वजहरू हिजो र आजमा मात्र किन बाँधिएर बस्न चाहेका होलान् ? भोलिलाई उपेक्षा गरेर आजको मात्र हौदामा चढिरहने हो भने सम्पूर्ण सिर्जनाहरू ठप्प हुने थिए । विकास र नवीन प्रयोग कहिले कुनै विषयमा हुने थिएनन् । त्यसैले अहिले जति नै ठूलो आवाजमा माइक बनेर गर्जिन सकिन्छ - भोलिलाई विश्वास नगर्ने हो भने बीउहरू जोगाएर नराखे हुन्छ । कुलोले खेत नसिंचे हुन्छ । औषधी नखाए हुन्छ । अस्पताल नधाए हुन्छ । आमाका स्तनहरू नबगाए हुन्छ । स्कुल, कलेज गएर दिमाख नखियाए हुन्छ । परिश्रम गरेर हातका रेखाहरू नमेटे हुन्छ । पसिना नबगाएर हुन्छ । वीर्यलाई प्रयोग नगरे हुन्छ । समयलाई ढाल बनाउनुजस्तो सरल काम अरु केही हुँदैन । अरुका के कुरा ? म मै हुँ देखिएझैं , चिनिए झैं । हो पनि, तर सधैं आफै आफ्नो नियन्त्रणमा नहुन पनि सकिन्छ नि । डोरीले जस्तो फुत्कनै नसक्ने गरी टनटनी बाँध्न सकिन्न ।

आफैलाई विश्वास नलाग्ने गरी इन्द्रेणी लाग्छ मनाकाशमा । न लखेटेर धपाउन सकिन्छ । न टिपेक्सले जस्तै मेटाउन सकिन्छ । लाग्छ कहिलेकहीं म भनेको ममात्रै होइन । मभित्र पनि निर्णय गर्ने र नियन्त्रण गर्ने अर्को अटेको छ । त्यसैले समयलाई नै दोष दिने गर्छु म प्राय: । समयले मलाई धेरै शङ्कालु बनाएको छ । ठाउँ भएसम्म शङ्काका छोरानातिहरू जन्माएर अनुहार हेर्ने गर्छु । सम्भावना जानसक्ने ठाउँसम्म बाटो बनाएर हिंडाउने गर्छु । भोलिको विश्वास अविश्वासको बाटोमा हिंडेर थकाई नै पो मारियो अन्यत्रै । विषयान्तरले बात लाग्ने कुनै कानुन भएजस्तो लाग्दैन आजसम्म । मान्यताहरू स्वादिला नभए पनि पिउनुपर्छ कहिलेकाहीं महादेवले हलाहल बिख पिएझैं । यस्तै उकाली ओरालीले नै त हो नि जीवनलाई पीङले मज्जाले मच्चाउने । नत्र आकाशको जस्तो एकनासे जीवनको के स्वाद हुन्छ र ? मौकाले आउने इन्द्रेणीको के कुरा ? कुरेर नसकिने चट्याङका झिल्काको पनि के कुरा ? ! तिखेर म मित्र रु ! थापाजीलाई सम्झिरहेको छु, । उहाँ आफूले भोलि देखेको दावा गर्नुहुन्छ । उहाँ भन्नहुन्छ- हिजो र आजलाई तराजुमा जोखेपछि भोलिको तौल अनुमान गर्न सकिहालिन्छ नि । तपाई किन बुझ्नुहुन्न । हेर्नुस् न -'ए' बराबर 'बी' र 'बी' बराबर 'सी' हुन्छ भने 'ए' बराबर पनि 'सि' नै हुन्छ ।

भोलिलाई देखेको कारण उहाँले आफ्नो १० वर्षे छोरालाई कराँते सिक्न पठाउनुभएको रे, स्वस्थ, बलियो र आत्मरक्षाको निम्ति । उहाँ भन्नुहुन्छ 'के गर्ने भोलिका दिनहरूमा यत्ति नभए बाँच्न पनि गाह्रो हुन्छ त्यसलाई । हेर्नुस् जसरी बोल्न नसक्ने मान्छे जतिसुकै विद्वान् भए पनि प्रमाणित हुन सक्दैनन् त्यसरी नै जुडो कराँते नजान्ने मान्छेहरू डक्टर, इन्जिनियर, नेता जे बने पनि बिक्न र टिकिरहन सक्दैनन् ।' उहाँको कुरा सुनेपछि ऐनाको घरमा ढङ्गा लागेजस्तै भएको छ मेरो मस्तिष्क । भएर पनि भोलिलाई पृथक किसिमले हेर्न सकेको छैन मैले । टोलमा एकजना छिमेकी दाइ हुनुहुन्थ्यो । एस.एल.सी. दिंदाताका उहाँले पढाइमा सघाइदिनुभएको थियो पैतीस सालतिर । साह्रै सोझा दाइ, पेशाले इन्जिनियर हुनुहुन्थ्यो । आँखामा राखे पनि नबझिाउने तर उहाँको बानी भनें आँखा झिम्काइरहने थियो । उहाँ कार्यालय जान सधैं पुल्चोकमा गएर बस कुर्ने गर्नुहुन्थ्यो । त्यही समयमा एउटी युवती पनि बस कुर्ने गर्दिथन् । युवतीले सधैं आफूलाई आँखा झिम्क्याएर जिस्काएको ठानी एकदिन हिम्मत गरेर गालामा चड्कन हानिछन् । सुधो दाइले कुनै प्रतिकार गरेनन् । उल्टै शिष्टतापूर्वक आनो बानी भएकोले माफी मागेछन् । युवती पानीपानी भएर क्षमा मागिन । त्यसपछिका दिन मित्रताका दिन बने । त्यही दिनको परिचय समयझैं बढ्दै गएर एकापसमा जीवनसाथी नै बन्न पुगे । यो घटना जति रमणीय छ त्यति नै मार्मिक पनि छ । भन्नखोजेको के हुँ भने यदि युवतीले भोलिलाई देखेकी भए भोलि हुने आफ्नै श्रीमान्लाई किन बेइज्जतीकासाथ गाला चड्काउँथिन् र ? भविष्य जान्ने भए एउटै पुतलीले पनि बत्तीमा झ्याम्मिएर डढ्नुपर्ने थिएन । भोलिको दिनलाई आत्मसात् गर्नसक्ने भए एउटै पनि कुमारी आमाहरूले गर्भ तुहाउनुपर्ने थिएन । प्रष्ट छ घामझैं उज्यालो छ, भोलिले सबैलाई कुरेको हुन्छ र कसैलाई कुरेको हुँदैन पनि । समय र नदीजस्तै फर्केर हेर्न पनि जान्दैन भोलिले । सतर्कको शङ्खघोष गराए पनि सान्त्वना दिन पटक्कै जान्दैन । प्रतीक्षा गरिदिन्छ तर परिचय गर्न जान्दैन भोलिले । भोलि औंशीको पहाडजस्तै हो, भए पनि नदेखिने ।

भोलि नबग्ने खोलाको पानीजस्तै हो नबहकिने । भोलिलाई नदेख्ने भएकै कारण मानिसहरू लड्छन् र उठ्न सिक्छन् । गल्ती गर्छन् र सच्याउन सिक्छन् । रुन्छन् र हाँस्न सिक्छन् । दु:खी हुन्छन् र सुखका गोरेटो खोज्छन् । घाउ लाग्दा मलम लगाउँछन् । यदि भोलि नदेखिने भएको भए लड्नेहरूले कहिल्यै उठ्न खोज्ने थिएनन् । रुनेहरू हाँस्ने थिएनन् । जे भने पनि जसो भने पनि कुरो भोलिकै हो । भोलि देखिंदैन भन्ने मात्र हो । नदेख्ने भोलिलाई जे गरे पनि देखाउन सकिंदैन । नदेख्ने भोलिलाई आजैबाट हेर्न खोजौं । भोलिलाई भोलिकै रूपमा देख्ने आजसम्म कोही छँदै छैनन्, होइन र ? *-साहित्यपोस्ट डटकम*

# पेट्रोलियम पदार्थको मूल्य घट्यो




**पाल्पा,** साउन ३२/नेपाल आयल निगमले पेट्रोलियम पदार्थको मूल्य घटाएको छ । इण्डियन आयल कर्पोरेसनबाट नयाँ खरिद मूल्य कायम भएर आएअनुसार निगमले शुक्रबारदेखि लागू हुने गरी पेट्रोलियम पदार्थको मूल्य समायोजन गरेको हो ।

जस अनुसार पेट्रोलमा प्रतिलिटर ५ रुपैयाँ तथा डिजेल र मट्टितेलमा प्रतिलिटर ३ रुपैयाँले मूल्य घटेको छ । नयाँ मूल्य शुक्रबार विहानदेखि लागू भएको निमगद्वारा जारी विज्ञप्तिमा उल्लेख छ । खाना पकाउने ग्यासको मूल्य भने यथावत राखिएको छ । निगमले पेट्रोलको मूल्य पहिलो वर्गका लागि प्रतिलिटर एक सय ६२ रुपैयाँ ५० पैसा तोकेको छ । यसअघि पेट्रोलको १ सय ६७ रुपैयाँ ५० पैसा रहेको थियो । दोस्रो वर्गका लागि एक सय ६४ पर्ने छ ।

यहाँ पनि यस अघि १ सय ६९ रहेको थियो । यस्तै तेस्रो वर्गका लागि एक सय ६५ तोकेको छ । यस अघि यहाँ १ सय ७० थियो । निगमका अनुसार डिजेल र मट्टितेलको मूल्य पहिलो वर्गका लागि प्रतिलिटर एक सय ५२ रुपैयाँ ५० पैसा पर्ने छ । यस अघि १ सय ५५ रुपैयाँ ५० पैसा रहेको थियो । दोस्रो वर्गका लागि एक सय ५४ पर्ने छ । यहाँ यस अघि १ सय ५७ रुपैयाँ थियो । यस्तै तेस्रो वर्गका लागि एक सय ५५ कायम भएको छ । यस अघि १ सय ५८ रुपैयाँ रहेको थियो । पहिलो वर्ग अन्तर्गत चारआली, विराटगर, जनकपुर, अमलेखगन्ज, भलबारी, नेपालगन्ज, धनगढी र वीरगन्ज, दोस्रो वर्ग अन्तर्गत सुर्खेत र दाङ तथा तेस्रो वर्गअन्तर्गत काठमाडौं, पोखरा र दिपाय रहेका छन् ।


## कैलाशनगर मिडिया प्रा.लि., तानसेन, पाल्पा

## विज्ञापन दररेट परिवर्तन भएको सूचना

बढ्दो महङ्गी, कागज मसी तथा छपाई सामग्रीको मुल्यवृद्धिका कारण **कैलाशनगर मिडिया प्रा.लि.**द्वारा प्रकाशित **नवजनचेतना दैनिक**ले २०८१ श्रावण १ गतेदेखि लागु हुनेगरी यस अघि कायम गरेको दररेटमा निम्नानुसार परिवर्तन गर्ने निर्णय भएकोले सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

### विज्ञापन दररेट

### साधारण तर्फ

| विवरण | साईज | स्यामश्वेत पत्रिका दररेट |
|---|---|---|
| प्रथम पृष्ठ | प्रति सि.सि. | रु. ४००/- |
| भित्रि पृष्ठ | प्रति सि.सि. | रु. ३००/- |
| अन्तिम पृष्ठ | प्रति सि.सि. | रु. ३५०/ |

### सरकारी तर्फ

| विवरण | साईज | स्यामश्वेत पत्रिका दररेट |
|---|---|---|
| प्रथम पृष्ठ | प्रति सि.सि. | रु.५५०/- |
| भित्रि पृष्ठ | प्रति सि.सि. | रु. ४५०/- |
| अन्तिम पृष्ठ | प्रति सि.सि. | रु. ५००/- |

### डिस्प्ले

| डिस्प्ले | स्यामश्वेत पत्रिका दररेट |
|---|---|
| प्रति बक्स | रु. २००/- (१x५ सि.सि.) |
| राहदानी | रु. ८००/- |

### अन्य

| ठूलो डिस्प्ले | स्यामश्वेत पत्रिका दररेट |
|---|---|
| प्रति बक्स | रु. १५००/- (२x१० सि.सि.) |
| प्वाइन्टर | रु. १०००/- |

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

कैलाशनगर मिडिया प्रा.लि.

ता.न.पा.-३, भगवतीटोल, पाल्पा, सम्पर्क नं. ०७५-५२०६०१


खेलकुद समाचार

## साफको उद्घाटन खेल एन्फाको मैदानमा हुने



**काठमाडौं,** साउन ३२/दक्षिण एसियाली फुटबल महासंघ (साफ)यु-२० चयाम्पियनपसिप फुटबल प्रतियोगिताअर्न्गात नेपाल र श्रीलङ्काबीच हुने उद्घाटन खेल सातदोबाटोस्थित एन्फा कम्प्लेक्सको खेल मैदानमा हुने पक्का भएको छ । दक्षिण एसियाली फुटबल महासंघ (साफ)ले पठाएको म्याच कमिस्नर अब्दुल हामिद अब्दुल गफरले शुक्रबार त्रिपुरेश्वरस्थित दशरथ रङ्गशालाका खेल मैदान निरीक्षण गरेपछि खेल खेल्न योग्य नभएको निष्कर्ष निकालेको हो । सोही निर्णयसँगै उक्त प्रतियोगिताका अन्य खेलहरु दशरथ रङ्गशालामा हुने सम्भावना कम भएको छ ।

अखिल नेपाल फुटबल सङ्घ (एन्फा)का प्रवक्ता सुरेश शाहले म्याच कमिस्नरले दशरथ रङ्गशालाको मैदान खेल्न योग्य नभएको बताएको जानकारी दिए । उनीले यो निर्णय नै अन्तिम नहुने भन्दै म्याच कमिस्नरले साफमा खबर पठाएपछि उताबाट जे निर्णय आउँछ त्यही अन्तिम निर्णय हुने बताए । उक्त रङ्गशालाको निरीक्षण गर्न माल्दिभ्सका अब्दुल बिहीबार काठमाडौं आइपुगेका थियो । उक्त प्रतियोगिताको खेल सुरुआतमा दशरथ रङ्गशालामा खेलाउने आयोजक एन्फाको तयारी थियो । तर वर्षाका कारण दशरथ रङगशालाको अवस्था नाजुक भएपछि कहा खेलाउने टुङ्गो लाग्न सकेको थिएन । एन्फा प्रवक्ता सुरेश शाहले प्रतियोगिताको सुरुआती खेल एन्फा कम्लेक्सको मैदानमा हुने भन्दै आगामी दिनमा वर्षा सुधार भए दशरथ रङ्गशालामा सेमिफाइन र फाइनल खेल गराउने सम्भावना कायमै रहेको बताए । यही साउन २९ गते दशरथ रङ्गशालामा नेपालको सहिद स्मारक ए डिभिजन लिग विजेता चर्च ब्वाइज युनाइटेड र भुटानको लिग विजेता पारो एएफसीबीच एएफसी च्यालेन्ज लिगको प्रारम्भिक छनोट खेल भएको थियो । त्यतिबेला वर्षाका कारण मैदान हिलाम्मे भएको थियो । जसका कारण दुवै टोलीले हिलाम्मे मैदानमा खेल खेलेका थिए । यसअघि पनि एएफसीले उक्त मैदानलाई अन्तर्राष्ट्रिय प्रतियोगिता गर्न अयोग्य घोषणा गरेको थियो ।


**वर्गिकृत डिस्प्ले**

*१X५ साइजमा मात्र*

वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्क: ०७५-५२०६०१


अर्थ/कर्पोरेट समाचार

# नेप्सेमा निरन्तर किर्तिमान



**पाल्पा,** साउन ३२/सेयर कारोबारमा नयाँ कीर्तिमान बन्ने क्रमले निरन्तरता पाएको छ । यो साता किर्तिमानको तेस्रो निरन्तरता हो ।

साप्ताहिक कारोबारको अन्तिम दिन(बिहीबार) झन्डै ३० अर्ब रुपैयाँको कारोबार भएको छ । गत आइतबार पौने २६ अर्ब रुपैयाँ बराबरको कारोबार भएको सेयर बजारमा सोमबार त्यसभन्दा बढी २७ अर्ब २४ करोड रुपैयाँको सेयर किनबेच भएको थियो ।

मंगलबार कारोबार रकम केही घटेर २१ अर्ब ३ करोडमा सीमित भए पनि बुधबार २३ अर्ब १६ करोड रुपैयाँ बराबरको कारोबार भएको थियो । सेयर कारोबारलाई सेयर बजारको एउटा बलियो सूचक मानिन्छ । सेयर कारोबार बढ्नु बजारमा नयाँ लगानीकर्ता भित्रिएको र पुराना लगानीकर्ताले लगानी बढाएको संकेत भएकाले यसका आधारमा समग्र सूचकको दिशा निर्धारण हुने जानकार बताउँछन् । बजार घटेको समयमा पनि धेरै रकमको कारोबार भएमा त्यसलाई बजार वृद्धिको आधारका रूपमा विश्लेषण गर्ने गरिएको छ । सेयर कारोबार मापक नेप्से परिसूचक बिहीबार ४३.०५ अंकले बढेको छ । यो दिन २९ अर्ब ९५ करोड रुपैयाँको कारोबार भएको छ । एक दशमलव ४५ प्रतिशतले बढेर तीन हजार बिन्दुमा पुगेको छ । यो करिब ३ वर्षयताकै उच्च हो । ०७८ भदौ १३ मा नेप्से ३ हजार ४४ अंकमा थियो । बिहीबार १०६ कम्पनीको मूल्य बढ्यो भने १३६ कम्पनीको मूल्य घट्यो । एक कम्पनीको मूल्य स्थिर रह्यो । कुल ३ लाख ११ हजार ५ सय ३६ वटा कारोबार हुँदा ६ करोड ८९ लाख ८० हजार कित्ता सेयर किनबेच भएको छ । पाँच उपसमूह घट्यो भने अन्य उपसमूहको बढ्यो । सबैभन्दा बढी निर्जीवन बिमा १३४.३४ अंकले बढेको छ भने बैंकिङ उपसमूह ९०.१८ अंकले बढ्यो । उत्पादन तथा प्रशोधन १४१.५७ अंकले घट्यो । फाइनान्स १२१.१८ अंक र जीवन बिमा १०८.३५ अंकले घट्यो । बुटवल पावर कम्पनी, राष्ट्रिय बिमा कम्पनी र मोदी इनर्जी कम्पनीको मूल्य १० प्रतिशतले बढ्यो । नेपाल फाइनान्सको मूल्य १० प्रतिशतले घट्यो । पछिल्ला १० कारोबार दिनयता दुई दिनबाहेक सेयर बजारमा २० अर्ब रुपैयाँभन्दा बढीको सेयर कारोबार भएको छ । तीमध्ये पनि प्राय: दिन नेप्सेमा २१ अर्बभन्दा बढी रकमको कारोबार भएको छ । यद्यपि यही सातामा कारोबार रकमले नयाँ उचाइ चुमिरहेको छ । एकै दिन यति धेरै रकमको कारोबार भएको यो हालसम्मकै उच्च हो ।


## शिक्षक आवश्यकता

*प्रकाशित मिति : २०८१/०५/०१*

उपरोक्त सम्बन्धमा यस श्री आदर्श आधारभूत विद्यालय तिनाउ-५,विस्कुनडाँडा पाल्पाको मिति २०८१/०४/२८ गते बसेको वि.व्य.स. को बैठकको निर्णय, तिनाउ गाउँपालिकाको च.नं. १३२ मिति २०८१/०४/३१ गतेको सिफारिस पत्रानुसार र शिक्षा विकास तथा समन्वय इकाई तानसेन पाल्पाको मिति २०८१/०४/३२ र च.नं. ०१९५ को अनुमति पत्रानुसार यस विद्यालयमा रिक्त शिक्षक पदपूर्तिका लागि तपशिल योग्यता पुगेका नेपाली नागरिकबाट दरखास्त आह्वान गरिन्छ ।

**तपशिल :**

**विज्ञापन नं.** : ०१/०८१/०८२, **संख्या** : १, **तह** : नि.मा.वि.

**विषय** : अंग्रेजी, **श्रेणी** : तृतीय, **किसिम** : करार

**न्युनतम शैक्षिक योग्यता** : अंग्रेजी विषयमा १०+२ वा सो सरह

**तलब सुविधा** : नेपाल सरकारको प्रचलित नियमानुसार

**उमेर** : १८ वर्ष पुरा भइ ४० वर्ष ननाघेको, **दरखास्त दस्तुर** : रु ७००/(सात सय)

**दरखास्त दिनुपर्ने अन्तिम मिति** : २०८१/०५/१५ गते विद्यालय समयभित्र

**सम्पर्क मिति** : २०८१/०५/१५ गते विद्यालय समयभित्र

**परीक्षा मिति** : सम्पर्क मितिमा तोकिने छ, **परीक्षाको किसिम** : लिखित र अन्तर्वार्ता

**पेश गर्नुपर्ने आवश्यक कागजातहरु** : हस्तलिखित निवेदन, नेपाली नागरिकताको प्रमाणपत्र, शैक्षिक योग्यताको प्रमाणपत्र, स्थाई अध्यापन अनुमति प्रमाणपत्र, निरोगिताको प्रमाणपत्र प्रत्येकको २/२ प्रति ।

**थप जानकारीको लागि सम्पर्क** : ९८४७१९०७२६(प्र.अ.), ९८६७२४१३८१(अध्यक्ष)

*(नोट: कुनै करार सूचीको उम्मेदवारको दरखास्त पर्न गएमा अग्रस्थानमा रहेको करार सूचीको उम्मेदवारलाई आवश्यक प्रक्रिया पुर्‍याई नियुक्ति दिइने छ ।)*

**श्री आदर्श आधारभूत विद्यालय**
तिनाउ-५, पाल्पा



**हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।**





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्राई, सम्पादक:जगदीशप्रसाद भट्राई